# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको

## आठौं वार्षिक साधारण सभाको निर्णयहरु

### सभाको वैधानिकता

यो सभा कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको २०८१ साल पौष ७ गते बसेको बैठकले तोकेबमोजिम मिति २०८१ साल पौष २९ गतेको लागि बोलाइएको हो । सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) अनुसार र संस्थाको नियमावलीको नियम १८ (३) बमोजिम आठौं वार्षिक साधारण सभाको सूचना पठाइएको र कम्पनी ऐन २०६३ को दफा ७३ तथा संस्थाको नियमावलीको नियम २३ अनुसार गणपूरक संख्या पुगेकाले सभा बैधानिक भएको कुरा कम्पनी सचिवले सभामा जानकारी दिनुभयो र सभाको सभापतित्व ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री अर्चना प्रधान ज्यूलाई अनुरोध गर्नुभयो ।

### सभाको मिति, समय र स्थान :

मिति : २०८१ साल पौष २९ गते सोमबार ।

समय : दिउँसोको १ :३० बजे

स्थान : होटल डेब्रेक, पोखरा - ३१ बेगनास कास्की ।

### सभाको सूचना प्रकाशन

कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार संस्थाको आठौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरुको विवरण खुलाएर शेयरधनीहरुलाई उहाँहरुको व्यक्तिगत ठेगानामा यथासमयमा पठाएको साथै सोही व्यहोराको सूचना मिति २०८१ साल पौष ८ गतेको कारोबार राष्ट्रिय दैनिक तथा मिति २०८१ पौष ९ गतेको समाधान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

### साधारण सभाको विषयसूची :

**क सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. २०८१ साल आषाढ मसान्तसम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०८०/२०८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.ब. २०८१/२०८२ को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालकको नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा ।

**ख विशेष प्रस्तावहरु**

१. छ महिनाभन्दा बढी अवधिको लागि कम्पनीको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकमभन्दा बढी हुने गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण सुविधा लिने सम्बन्धमा प्रस्ताव ।

२. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरू गाभ्ने/गाभिने तथा प्राप्त गर्ने प्रयोजनका लागि उपयुक्त संस्थाहरू पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने, सम्पत्ति तथा दायित्वहरूको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने, र सम्बन्धित कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव ।

**ग विविध**

**उपस्थिति :**

**सञ्चालकहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| श्री अर्चना प्रधान | अध्यक्ष | (प्रतिनिधी – गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) |
| श्री निरजा शर्मा सापकोटा | सञ्चालक | (प्रतिनिधी – संस्थापक शेयरधनी) |
| श्री भुपेन्द्र प्रसाद जोन्छे | सञ्चालक | (प्रतिनिधी – सर्वसाधारण शेयरधनी) |
| श्री तुलसा खरेल | सञ्चालक | (प्रतिनिधी – सर्वसाधारण शेयरधनी) |

**पदाधिकारीहरुको उपस्थिति :**

श्री विष्णु प्रसाद ढकाल प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**गणपूरक संख्या :**

संस्थापक शेयरधनीको संख्या : २१
सर्वसाधारण शेयरधनीको संख्या : २८४८९

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधिद्वारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीको संख्या | २८,५१० | ६ | १६ | २२ | ०.०८ |
| शेयर संख्या | १५,१५,५४५ | ५,२०,५१२.८५ | ३,३४,८७७.९८ | ८,५५,३९०.८३ | ५६.४४ |

**सभा सञ्चालन र प्रतिवेदन प्रस्तुति**

सञ्चालक समितिका अध्यक्ष तथा आठौं वार्षिक साधारण सभाका सभापति श्री अर्चना प्रधानज्यूले आठौं वार्षिक साधारण सभा प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो र उक्त प्रतिवेदन माथि छलफल गर्न तथा सुझाव दिन अनुरोध गर्नुभयो ।

**सभामा बोल्ने वक्ताहरु**

सभामा उपस्थीत शेयरधनीहरुमध्ये अधिकांश शेयरधनीहरुले संस्थाको व्यवसाय विस्तार, कार्यक्रमको गुणस्तर साथै जोखीम न्यूनिकरणका सम्बन्धमा ध्यान दिनुपर्ने लगायतका राय सुझावहरु व्यक्त गर्नुभयो ।

**तत्पश्चात सभाले तल उल्लेख गरे बमोजिमका निर्णयहरु गऱ्यो ।**

**सभाको निर्णय :**

**क सामान्य प्रस्तावहरु उपरको निर्णय**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आर्थिक बर्ष २०८०/२०८१ को बार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. २०८१ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०८० २०८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्न सभा समक्ष प्रस्ताव पेश हुँदा सर्वसम्मतिले पारित गरियो ।

३. लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८१/२०८२ को कारोवारको लेखापरिक्षण गर्नको लागि बाह्य लेखापरिक्षक P.Y.C & Associates, Chartered Accountants काठमाडौंलाई बार्षिक मु.अ.क. बाहेक ३,००,०००।- पारिश्रमीक तथा प्रति व्यक्ति दैनिक भ्रमण भत्ता ३,५००।- र बास्तविक यातायात खर्च उपलब्ध गराउने गरी नियुक्त गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै यस वित्तीय संस्थाको आ.ब. २०८०/८१ को बाह्य लेखापरिक्षक पि. देवकोटा एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सको पारिश्रमिक कर बाहेक रकम रु. १,२१,००० रहेकोमा सो पारिश्रमिक शुल्कलाई संसोधन गरि कर सहित रकम रु. ३,००,०००/- उपलब्ध गराउने गरी संस्थाको मिति २०८१ साल साउन १५ गते बसेको संचालक समितिको १२०औ बैठकले साधारण सभामा अनुमोदनको लागी सिफारिस गरेकोमा उक्त प्रस्ताव समेत सर्वसम्मतिले पारित गरियो ।

४. यस वित्तीय संस्थामा सर्वसाधारण शेयरधनीहरुको तर्फ बाट प्रतिनिधित्व गर्ने सञ्चालक श्री प्रकाश खरेलज्यूको राजिनामा स्वीकृत पश्चात रिक्त रहेको सञ्चालकमा वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१ साल कात्तिक १३ गते बसेको १२२औं बैठकले काठमाडौं ५, भाटभटेनी निवासी श्रीमती तुलसा खरेलज्यूलाई बाँकी कार्यकालको लागी मनोनयन गरेकोमा सो मनोनयन समर्थन गर्ने सम्बन्धमा सभा समक्ष प्रस्ताव पेश भएको हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ख विशेष प्रस्तावहरु उपरको निर्णय**

१. कम्पनी ऐन २०६३ को दफा १०५ को (ख) मा व्यवस्था भए बमोजिम संस्थाको नियमित व्यावसायिक कारोबारको प्रयोजनको लागि कुनै बैङ्क वा वित्तीय संस्थाबाट छ महिनाभन्दा बढी अवधिको लागि आफ्नो चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकमभन्दा बढी हुने गरी विभिन्न ऋण सुविधा लिन आवश्यक भएको र त्यस्तो ऋण सुविधा माग गर्दा कम्पनी ऐन बमोजिम कम्पनीको साधारण सभा वा विषेश साधारण सभाबाट विषेश प्रस्ताव पास गरि ऋण लिन सकिने भएको हुनाले कम्पनीको व्यवसायिक प्रयोजनको लागि चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकमभन्दा बढी हुने गरी विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन कम्पनीको सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड 2063

२. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरू गाभ्ने/गाभिने तथा प्राप्त गर्ने प्रयोजनका लागि उपयुक्त संस्थाहरू पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने, सम्पत्ति तथा दायित्वहरूको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने, र सम्बन्धित कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश भएको हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग विविध**

१. अन्य विविध प्रस्तावहरु प्राप्त हुन नआएको हुँदा विविध प्रस्ताव उपर यस आठौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागी संचालक समितिको अध्यक्ष, एक जना संचालक तथा कम्पनी सचिवको हस्ताक्षर हुने निर्णय गरियो ।

**धन्यवाद/सभा विसर्जन**

सभाको सभापतित्व गर्नुभएका सञ्चालक समितिका अध्यक्ष श्री अर्चना प्रधान ज्यूबाट यस आठौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आ-आफ्नो भूमिका कुशलता पूर्वक निर्वाह गरी सभालाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिंदै सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ................... | ................... | ................... |
| अर्चना प्रधान | निरजा शर्मा (सापकोटा) | विष्णु प्रसाद ढकाल |
| (अध्यक्ष) | (संचालक) | (कम्पनी सचिव) |

गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड
२०७३